उन्नाइसौं गाउँ सभामा २०८३ असार १० गते बुधवार
गाउँपालिका उपाध्यक्ष श्री प्रतिमा तामाङज्यूद्वारा
प्रस्तुत

# बजेट तथा कार्यक्रम
# २०८३/०८४

स्थानीय सरकार

गोसाईकुण्ड गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

स्याफ्रुबेंशी, रसुवा

वागमती प्रदेश,नेपाल

श्रीमान् सभाध्यक्षज्यू,

गाउँसभाका सदस्यज्यूहरू,

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र नेपालले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहमा सङ्घीयताको अभ्यास गर्दै आएको सन्दर्भमा गोसाईकुण्ड गाउँपालिकाको उपाध्यक्षको रुपमा यस गरिमामय गाउँसभाको वैठकमा आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु। यो महत्वपूर्ण अवसरमा मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र र अग्रगामी परिवर्तन ल्याउने क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण महान् सहिदहरू र राष्ट्रप्रति समर्पित दिवङ्गत व्यक्तिहरूमा भावपूर्ण श्रद्धान्जली अपर्ण गर्न चाहान्छु। मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै समावेशी, समतामूलक, न्यायपूर्ण समाज निर्माण, विकास र समृद्धि, लोकतान्त्रिक गणतन्त्रको प्राप्ति र विभिन्न अग्रगामी आन्दोलनहरूमा संलग्न र नेतृत्व गर्नुहुने प्रतिवद्ध महान् नेपाली नागरिक र राजनीतिक नेतृत्व प्रति उच्च सम्मान गर्न चाहान्छु।

बजेट तर्जुमा गर्दा नेपालको संविधान, सोह्रौं आवधिक योजना, दिगो विकासको लक्ष्य, गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानेर तयार गरिएको छ। यो बजेट प्रस्तुत गरिरहँदा अर्थतन्त्रलाई गतिशिल वनाउने र नागरिकको आकाङ्क्षालाई पूरा गर्ने गहन जिम्मेवारी वोध गरेको छु। आगामी बजेट समृद्धि, सुशासन, सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ। डिजिटल र हरित अर्थतन्त्र विकास गर्न युवालाई मुलूक भित्रै आर्थिक गतिविधिमा आवद्ध हुन अभिप्रेरित हुने, उद्यमशिलता विकास गरी गरिवी न्यूनीकरण गर्ने, सामाजिक सम्पत्तीहरूको संरक्षण गर्ने तथा श्रोत साधनको प्रभावकारी एवम् परिणाममूखी परिचालन गरी बजेट समृद्धिको दिशातर्फ उन्मुख रहनेछ। उद्यमशीलता र नवप्रवर्तनलाई प्रोत्साहित गर्न सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालनमा ल्याइनेछ। सङ्घीय सरकारले ल्याएको 'मेक इन नेपाल' र 'मेड इन नेपाल' को अभियानलाई प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

त्यस्तै राज्य पुनर्संरचनाको महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तीय सङ्घीयता कार्यान्वयन गर्न स्थानीय तहलाई श्रोत साधन, उत्तरदायित्व र जवाफदेहिता हस्तान्तरण गरिएको सन्दर्भमा सङ्घीयताको मूल मर्मलाई हासिल गर्न थप चुनौतिको साथै थप अवसर समेत प्राप्त भएको छ। सङ्घीयता कार्यान्वयन गर्दै स्थानीय तहको ज्ञान, सीप, क्षमता र दक्षतालाई उपयोग गरी विकास प्राप्त गर्ने लक्ष्य तर्फ यो गाउँपालिका अग्रसर छ। सामाजिक न्याय र तीव्र विकास, सुशासन सहितको जनउत्तरदायी गाउँपालिका, सभ्य, सुसंस्कृत एवम् कर्तव्यनिष्ठ समाज निर्माण गर्दै पूर्ण लोकतन्त्र तथा समाजवाद उन्मुख समृद्ध अर्थतन्त्र निर्माण गर्न यो गाउँपालिका सदैव प्रतिवद्ध छ।

श्रीमान् सभाध्यक्ष महोदय,

**"जलविद्युत पर्यटन रसुवागढी नाका, पूर्वाधार र शिक्षा सुसंस्कृत र समृद्ध गोसाईकुण्ड लाङटाङ हाम्रो सदिक्षा"** भन्ने गोसाईकुण्ड गाउँपालिकाको दिर्घकालिन सोचलाई पूरा गर्न यो बजेट अघिल्लो वजेट जस्तै केन्द्रित रहेको छ।

सम्माननीय सभाध्यक्ष महोदय,

म अव हाम्रो गाउँपालिकाको विद्यमान अवस्था र चालु आर्थिक वर्षको वजेट कार्यान्वयनको समीक्षा संक्षेपमा पेश गर्ने अनुमति चाहान्छु। विश्व अर्थतन्त्रमा देखिएको संकुचन, शिथिलता तथा केही आन्तरिक कारणले आर्थिक गतिविधिमा सुस्तता आएको हुँदा त्यसको असर हाम्रो पालिकामा पनि देखिने निश्चित भएको छ। चालु आर्थिक बर्षमा रु. ४९ करोड ६ लाख ६४ हजार विनियोजित भएकोमा २०८३ जेष्ठ मसान्तसम्म रु. ५ करोड १६ लाख ३० हजार रकम कम निकासा प्राप्त भएको अवस्था छ । कुल खर्चमध्ये चालु खर्चमा जम्मा रु. २९ करोड ६० लाख ८२ हजार अर्थात् विनियोजन रकमको ६०.३४ प्रतिशत र पुँजीगत खर्चमा जम्मा रु. १९ करोड ४५ लाख ८२ हजार अर्थात् ३९.६६% ले हुने संशोधित अनुमान रहेको छ। अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा विनियोजन रकम रु. ४५ करोड ३० लाख ४१ हजारमध्ये अर्थात् विनियोजन रकमको ७२ प्रतिशत मात्र खर्च भएको थियो।

श्रीमान् सभाध्यक्षज्यू
सभाका सदस्यज्यूहरू

स्थानीय अभ्यास गरेको ९ वर्ष भइसकेको र विगत वर्षको तुलनामा कानूनको निर्माण भई जनशक्तिको पर्याप्तता भएको अवस्थामा वित्तीय प्रगतिको पहिलै अवस्थामा रहेको र अपेक्षित रुपमा हुन नसकेको वारेमा समीक्षा भएको छ। हिमाली गाउँपालिका भएको कारणले हिउँ पर्ने समय अगावै योजना सम्झौता गर्ने भन्दा पनि हिउँ पर्ने समय समाप्त भएपछि काम गर्न सम्झौता गर्ने, साना- साना योजनाको निर्माण, वार्षिक खरिद योजना अनुसार काम नहुनु, योजनाको बैङ्कको वस्तुगत निर्माण र त्यही अनुसार योजनाको छनौट नहुनु, सम्बन्धित निकायबाट निकासा समयमा नहुनु, आर्थिक वर्षको अन्त्यमा काम गर्ने प्रवृति हावी हुनु जस्ता कारण वित्तीय प्रगतिमा वाधा देखिएका छन्। विशेष गरी योजनाहरूको कार्यान्वयन गर्ने संस्था वडा कार्यालयहरू भएको कारणले यस बारेमा वडा कार्यालयले आगामी दिनमा समयमै योजना सम्झौता गरी काम गर्ने संस्कृतिको विकास गर्नु पर्ने भएको छ।

चालु आर्थिक बर्षमा आन्तरिक राजश्व सङ्कलन रु. ६५ लाख संशोधित अनुमान रहेको छ। यो हाम्रो लक्ष्यको तुलनामा लक्ष्य पूरा हुन कठिन हुने देखिएको छ। हाम्रो गाउँपालिकामा राजस्व सङ्कलनको रकम घट्दो देखिन्छ। नागरिक घर दैलो गई नजिकबाट सेवा प्रवाह गर्ने उद्देश्यले व्यवसाय दर्ता, नवीकरण

लगायत विभिन्न सेवाहरू वडा सुरु भए पनि अपेक्षा गरे अनुरुप राजस्व घट्दो क्रममा देखिन्छ। अघिल्लो आर्थिक बर्षमा वहालकर मार्फत रु. २४ लाख ७३ हजार आम्दानी भएकोमा यस वर्ष जेष्ठ मसान्तसम्म रु. १३ लाख ७५ हजार मात्र जम्मा भएको छ। भूमिकर मालपोत शीर्षकमा रु. १३ लाख ५७ हजार प्राप्त भएकोमा यो चालु आर्थिक बर्षमा हालसम्म रु. १ लाख २६ हजार प्राप्त भएको छ। त्यस्तै हाम्रो गाउँपालिका हाइड्रोपावरको हव भएको र अघिल्लो आर्थिक बर्ष हाइड्रोपावरले आफ्नो भवन निर्माण गरि नसकेको कारणले घर वहालमा लिएकोले हाम्रो गाउँपालिकाको आन्तरिक राजस्व खातामा वहाल कर जम्मा गरेको कारणले वहाल कर बढेको र यो आर्थिक बर्षमा हाइड्रोपावरले आफ्नो भवन निर्माण गरी घर वहालमा नलिएको र सङ्घीय सरकारी कार्यालयहरूले हालसम्म पनि पूर्ण रुपमा हाम्रो स्थानीय तहको राजस्व खातामा राजस्व जम्मा नगरी सङ्घीय राजस्व खातामा जम्मा गरेको कारणले यो वर्ष अघिल्लो आर्थिक बर्षको तुलना घर वहाल कर घटेको छ।

सम्माननीय सभाध्यक्ष,

सभाका सदस्यहरू,

अव म अर्थतन्त्र र वजेट प्रणालीमा देखिएको मुख्य चुनौती तथा अवसर संक्षेपमा प्रस्तुत गर्न अनुमति चाहन्छु। हाम्रो गाउँपालिकाको ५ वटा वडाहरू लाङटाङ राष्ट्रिय निकुञ्जको केन्द्रीय क्षेत्र (**Core area**) मा पर्ने भएकोले कानूनी जटिलता रहेको र यसै आ.व.मा विभिन्न प्राकृतिक घटना तथा विपति, विशेष गरी यही भदौ २३ र २४ गते जेन्जी अन्दोलनका कारण सिर्जित अन्योलताले गर्दा पूर्वाधारको विकासमा अवरोध पुग्न गई पुँजीगत खर्च अपेक्षित रुपमा वढ्न नसकेको र गोसाईकुण्ड गाउँपालिकावासीले दिर्घकालिन रुपमा प्राप्त गर्ने सेवाको स्थापना उल्लेखनीय वृद्धि हुन नसकेको कारण आर्थिक गतिविधिमा सुस्तता देखिएको छ। यस अवस्थामा उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्दै समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै गाउँपालिकाको लक्ष्य हासिल गर्न आगामी आ.ब.मा दायित्वहरू सिर्जना हुन सक्ने चुनौती रहेको छ। अन्तिम त्रैमासिकको पनि अन्तिम महिनामा खर्च गर्ने प्रवृतिले निरन्तरता पाएको छ। यसले असार मसान्तमा अत्यधिक भुक्तानी हुने, अनुगमन र मूल्याङ्कन प्रभावकारी नहुने, योजना सम्पन्नको लागि म्याद थप गर्ने र समयमै काम गरी सेवा प्राप्त गर्ने अधिकारबाट नागरिक वञ्चित रहने भएकाले प्रभावकारी रुपले समयमै काम सम्पन्न गरी सेवा प्रवाह गर्नु चुनौती रहेको छ।

माथी उल्लेखित चुनौतीको वावजुद यस पालिकाले लिएको पहल कदमीले अर्थतन्त्रमा सकारात्मक सुधार देखिन थालेका छन्। गाउँपालिका डिजिटल प्रविधि राजस्व सङ्कलनको कार्यको थालनी भएकोले समयमै राजस्व सङ्कलन हुने अवस्था सिर्जना भएको छ। त्यस्तै, साधारण खर्चलाई वाञ्छित सीमाभित्र राख्ने र

विनियोजन दक्षता र कार्यान्वयन कुशलताको संयन्त्रको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ बजेट प्रणालीमा सुधारको प्रस्ताव गरिएको छ। त्यस्तै राजस्वको दर होइन दायरा वढाउने र राजस्वमा योगदान गर्ने सम्पूर्ण नागरिकलाई अवसर लिन सकोस् भन्ने हेतुले नीति तथा कार्यक्रम वमोजिम व्यवसाय दर्ता र नवीकरणलाई अलग दर कायम गरी गतिशिल र नियमित गरिनेछ।

सम्माननीय सभाध्यक्ष महोदय,

माथिको उल्लेखित चुनौती र अवसरलाई मनन् गर्दै सरकारी, निजी र सहकारी क्षेत्रको सम्बन्ध र सहअस्तित्वलाई विस्तार गरी उत्पादन, उत्पादकत्व र रोजगारीको अवसर बढाउने, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी उच्च आर्थिक वृद्धिको आधार तयार गर्न जोड दिने प्रस्ताव पेश गरिएको छ। सार्वजनिक श्रोतको समुचित तथा उपलव्धीमूलक परिचालन गर्नुको साथै उपलव्ध अवसर तथा लाभको समन्यायिक वितरण गरी धनी र गरिवबीचको खाडल कम गर्नु पर्ने आवश्यक महसुस गरी वजेटका उद्देश्य तथा प्राथमिकता तय गरिएको छ ।

सम्माननीय सभाध्यक्ष,

आगामी आ.व. ०८३/०८४ को प्रमुख उद्देश्य वमोजिम उल्लेख गरिएको छः

१. गोसाईकुण्ड, लाङटाङ हिमाल, गोदेगाङ, नागथली, दुधकुण्ड, ऐतिहासिक रसुवागढी, तामाङ कल्चरल रेडपाण्डा पार्कजस्ता पर्यटकीय क्षेत्रको प्रवर्द्धन मार्फत पर्यटकीय पदमार्गको विकास गरेर गाउँपालिकालाई पर्यटकको गन्तव्य क्षेत्रको रुपमा विकास गर्ने।
२. आर्थिक विपन्नता तथा भौगोलिक विकटता कारण शिक्षाको पहुँचबाट टाढा रहनु पर्ने अवस्थाको अन्त्य गरी शिक्षामा सवैको पहुँच हुने व्यवस्था गर्न, शिक्षण सिकाई वातावरणको निर्माण गर्न गाउँपालिका अध्यक्ष छात्रावास कार्यक्रम, पोशाक वितरण कार्यक्रम र माध्यमिक विद्यालयको लागि विद्यालय वसलाई निरन्तरता दिने।
३. भौगोलिक रुपमा गोसाईकुण्ड गाउँपालिकाको गाउँ वस्तीहरू विकट भएकोले गोसाईकुण्ड गाउँपालिकाको सडक यातायात गुरुयोजना बमोजिम सबै वडाहरूमा जनताहरूको सडक सहज पहुँचलाई वृद्धि गर्न स्तरोन्नती गर्ने।
४. नागरिकहरूको आधारभूत र मौलिक हकको रुपमा रहेको स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्न स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य ईकाईलाई थप व्यवस्थित गर्ने तथा दिर्घ रोगीहरूलाई उपलव्ध गराउँदै आएको रोकथामको खोपको लागि सेवाको दायरा बढाउने।
५. कृषि, पशुसँग सम्बन्धित विषयलाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रमहरूको सञ्चालन गर्ने।

६. स्थानीय कला, संस्कृति, धर्म र परम्पराको संरक्षणमार्फत स्थानीय जनताको ऐतिहासिक पहिचानका आधारहरूको संरक्षण गर्ने।

सम्मान्नीय सभाध्यक्ष महोदय,

आगामी आर्थिक बर्षको ८३/०८४ का बजेट प्राथमिकताहरू निम्न अनुसार उल्लेख गरिएको छः

१. आगामी आर्थिक वर्षमा शिक्षाको अवस्थालाई गुणस्तरयुक्त र प्रभावकारी वनाउन शिक्षालाई पहिलो प्राथमिकतामा राख्ने।
२. स्वास्थ्य, कृषि, खानेपानी तथा सरसफाईजस्ता सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि गरी सो क्षेत्रहरूको विकास गर्ने।
३. सडक सञ्जालको अभिवृद्धि मार्फत सडक यातायातमा जनताको पहुँच सुनिश्चित गर्ने।
४. पर्यटन क्षेत्रको विकासमा टेवा पुग्ने गरी साझेदारी कार्यक्रमहरू सन्चालन गरिने।
५. गुम्वा/विहारको निर्माण र मर्मत सम्भार मार्फत स्थानीय जनताको धर्म र संस्कृतिको जगेर्ना गर्ने।
६. सुशासन र संस्थागत विकास गर्ने।

सम्माननीय सभाध्यक्ष महोदय,

अव म क्षेत्रगत वजेट विनियोजनको वारेमा उल्लेख गर्न चाहन्छु।

**सामाजिक विकास**

सामाजिक विकास तर्फ, शिक्षा क्षेत्रमा सशर्त अनुदानबाट वजेट रकम रु. ७ करोड २७ लाख र गाउँपालिका तर्फबाट रु. १ करोड ५० लाख गरी जम्मा रकम रु. ८ करोड ७७ लाख, विनियोजन गरिएको छ । स्वास्थ्य क्षेत्रमा शसर्त अनुदानबाट वजेट रकम रु. ३ करोड ८१ लाख र गाउँपालिका तर्फबाट रु. ९० लाख गरी जम्मा रकम रु. ४ करोड ७१ लाख विनियोजन गरिएको छ । महिला तथा बालबालिका कार्यक्रममा गाउँपालिका तर्फबाट १७ लाख विनियोजन गरिएको छ । विपद् तथा व्यवस्थापनमा वजेट रकम रु. १५ लाख विनियोजन गरिएको छ । दलित समुदायको परम्परागत सीप विकास तथा पूर्वाधार निर्माणको लागि वजेट रकम रु. १० लाख विनियोजन गरिएको छ । यसरी सामाजिक विकास क्षेत्र तर्फ कूल वजेट रकम रु. १३ करोड ९० लाख विनियोजन गरिएको छ।

**आर्थिक विकास**

आर्थिक विकासतर्फ कृषि विकास तर्फ, शसर्त अनुदान तर्फ वजेट रकम रु. २८ लाख र गाउँपालिका तर्फबाट वजेट रकम रु. ६० लाख गरी कृषिमा ८८ लाख, विनियोजन गरिएको छ । पशु सेवा तथा

विकास कार्यक्रम तर्फ शसर्त अनुदानबाट वजेट रकम रु. ७ लाख र गाउँपालिका तर्फबाट रु. ६० लाख गरी पशु सेवा तथा विकास कार्यक्रममा रु. ६७ लाख, शसर्त अनुदान तर्फ उद्यम विकास कार्यक्रममा वजेट रकम रु. ७ लाख विनियोजन गरिएको छ । पर्यटन प्रवर्द्धन पूर्वाधार विकास कार्क्रमको लागि प्रदेश सशर्त हस्तान्तरित कार्यक्रमबाट वजेट रकम रु. १५ लाख, गाउँपालिका तर्फबाट वजेट रकम रु. ५० लाख गरी पर्यटन विकास कार्यक्रममा ६५ लाख विनियोजन गरिएको छ । यसरी आर्थिक विकास क्षेत्र तर्फ कूल वजेट रकम रु. २ करोड २७ लाख विनियोजन गरिएको छ।

**पूर्वाधार विकास**

पूर्वाधार विकास तर्फ संघीय सशर्त अनुदानबाट वजेट रकम रु. १५ लाख, प्रदेश सशर्त हस्तान्तरित कार्यक्रमबाट वजेट रकम रु. ५५ लाख, प्रदेश विशेष अनुदानबाट वजेट रकम रु. ७० लाख र प्रदेश समपूरक अनुदानबाट वजेट रकम रु. २ करोड र गाउँपालिकाबाट वजेट रकम रु. ९ करोड ७९ लाख ६५ हजार गरी पूर्वाधार विकास क्षेत्र तर्फ कूल वजेट रकम रु. १३ करोड १९ लाख ६५ हजार रकम विनियोजन गरिएको छ।

**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**

सुशासन कार्यक्रम तर्फ चालु संघ शसर्त अनुदानबाट सुरक्षित आप्रवासनमा वजेट रकम रु. १५ लाख, राष्ट्रिय रोजगार कार्यक्रममा वजेट रकम रु. १७ लाख, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण कार्यक्रममा वजेट रकम रु. ५ लाख, गरिवसँग विश्वेश्वर कार्यक्रममा वजेट रकम रु. ५ लाख, न्यायिक समिति कार्यक्रममा वजेट रकम रु. १८ लाख गरी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ कूल वजेट रकम रु. ६० लाख रकम विनियोजन गरिएको छ ।

**कार्यालय सञ्चालन तथा प्रशासनिक**

कार्यालय सञ्चालन तथा प्रशासनिकमा गाउँपालिकाबाट वजेट रकम रु. ९ करोड ९९ लाख ६३ हजार गरी कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र तर्फ कूल वजेट रकम रु. ९ करोड ९९ लाख ६३ हजार रकम विनियोजन गरिएको छ।

सम्माननीय सभाध्यक्ष महोदय,

सभाका सदस्यहरू,

आगामी आर्थिक बर्ष २०८३/०८४ को अनुमानित खर्च रुपैंयाँ ३९ करोड ९६ लाख २८ हजार हुने अनुमानित प्रक्षेपण गरिएको छ। चालु तर्फ ५९.४३ प्रतिशत र पुँजीगत तर्फ ४०.५७ प्रतिशत खर्च विनियोजन गरिएको छ।

**खर्च व्यहोर्ने श्रोतहरू**

सम्माननीय सभाध्यक्ष महोदय,

आगामी आर्थिक बर्ष २०८३/८४ को खर्च व्यहोर्ने श्रोतको रुपमा सङ्घीय सरकारवाट सशर्त अनुदानको रुपमा प्राप्त हुने रु. १२ करोड ७ लाख, सङ्घीय समानीकरण अनुदान रकम रु. ९ करोड ६९ लाख र संघ राजस्व बाँडफाँड रकम रु. ८ करोड ९३ लाख, प्रदेश सरकारवाट हस्तान्तरित सशर्त अनुदान रकम रु. ९० लाख ५४ हजार, प्रदेश समानीकरण अनुदान रकम रु. ७७ लाख ९ हजार र प्रदेश राजस्व बाँडफाँड रकम रु. ३ करोड ७४ लाख ६५ हजार, प्रदेश विशेष अनुदान रकम रु. ७० लाख, प्रदेश समपूरक अनुदान रकम रु. २ करोड र आन्तरिक राजश्व रकम रु. ६५ लाख र अ.ल्या. रकम रु. ५० लाख गरी कुल रकम रु. ३९ करोड ९६ लाख २८ हजार श्रोत कायम हुने अनुमान गरिएको छ।

**आगामी आर्थिक वर्ष पछाडिको थप दुई वर्षको वजेट प्रक्षेपण**

आगामी आर्थिक वर्ष पछिको पहिलो वर्ष आर्थिक बर्ष २०८४/०८५ को कुल बजेट रु. ४० करोड ५० लाख २० हजार, दोस्रो बर्ष आर्थिक बर्ष २०८५/०८६ मा कुल वजेट ४१ करोड ५० लाख २५ हजार हुने प्रक्षेपण गरिएको छ।

**राजस्व परिचालन नीति**

सम्माननीय सभाध्यक्ष महोदय

आगामी आर्थिक बर्ष २०८३/८४ को राजस्व परिचालनको नीतिहरू देहाय वमोजिम हुनेछन्:

- राजस्व करले होइन रहरले तिर्ने वातावरण सिर्जना गर्ने।
- कर तिर्नु पर्छ भन्ने वातावरण वनाउन स्थानीय स्तरमा करसम्बन्धी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने।
- करको दरको भन्दा पनि करको दायरा विस्तार गर्नेमा जोड दिने।

- कर आधार र क्षेत्रहरू विस्तार गर्ने।
- आर्थिक साक्षरता र वित्तीय साक्षरता सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने।
- गाउँपालिकाको राजस्व विषयमा परामर्श प्राप्त गर्नको लागि विज्ञको सेवा लिने।
- राजस्व प्रशासनलाई आधुनिक प्रविधिमैत्री, करदातामैत्री, मितव्ययी र पारदर्शी वनाउने।
- करदाता शिक्षा कार्यक्रमलाई प्रवर्द्धन गर्ने।
- कर निर्धारण गर्दा समन्यायिक सिद्धान्तलाई आत्मसात गर्ने।
- कर प्रशासनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्ने।
- प्रत्येक वडाबाट सञ्चालन हुने विभिन्न कर, सेवा शुल्क तथा दस्तुरको शीर्षकगत रुपमा छुट्टाछुट्टै विवरण प्राप्त गर्ने व्यवस्था गर्ने।
- कर प्रशासनसँग संलग्न कर्मचारीहरूको लागि कर प्रशासनमा सुधार सम्बन्धी क्षमता विस्तारका तालिम कार्यक्रम सञ्चालन गर्ने।
- कर छली, कर चुहावट तथा करको हिनामिनाको सम्बन्धमा शुन्य सहनशिलताको नीति अवलम्बन गर्ने।

सम्माननीय सभाध्यक्ष महोदय,

सभाका सदस्यहरू,

गत आर्थिक वर्षको २०८१/०८२ को यथार्थ आय व्यय, चालु आर्थिक बर्ष २०८२/०८३ को आय व्ययको संशोधित अनुमान र आगामी आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय व्यय यसैसाथ संलग्न अनुसूचीमा उल्लेख गरेको छु।

यस बजेट तर्जुमाको क्रममा रचनात्मक सुझाव दिने यस सभाका सम्मानित सभाध्यक्षज्यू, ६ वटै वडाका सम्मानित वडा अध्यक्षज्यूहरू, कार्यपालिका र सभाका सम्मानित सदस्यज्यूहरू, राजनीतिक दलका शीर्ष नेताज्यूहरू, नागरिक समाज अर्थ तथा योजना विद्, निजी क्षेत्र तथा सहकारी क्षेत्रका विद्वतवर्ग, पत्रकार, यस गाउँपालिकाको कर्मचारीहरू तथा तमाम् महानुभावहरूको रचनात्मक सुझाव, सल्लाह र प्रेरणाको लागि धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा गोसाईकुण्ड गाउँपालिकाको आर्थिक, सामाजिक विकासमा सहयोग पुऱ्याउने स्थानीय करदाता, सङ्घ र प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारी प्रति आभार प्रकट गर्दछु। यो वजेट कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोगको अपेक्षा गर्दछु। साथै दिगो शान्ति, सुशासन, विकास र

समृद्धिको आकाक्षां पुरा गर्न सबल, सक्षम, समृद्ध र न्यायपूर्ण राष्ट्र निर्माण गर्ने अभियानमा सक्रिय सहभागी हुनको लागि सम्पूर्ण गोसाईकुण्ड गाउँपालिकावासीलाई हार्दिक आह्वान गर्दछु।

**धन्यवाद !**

## अनुसूची १

| आगामी आर्थिक बर्ष ०८३/०८४ को अनुमानित आन्तरिक आय (रु. हजारमा) | | | | |
|---|---|---|---|---|
| राजश्व संकेत | राजश्वको आधार, शीर्षक, मूल शीर्षक तथा उपशीर्षक | गत वर्षको यथार्थ आय (२०८१।८२) | चालु आ.व. को संशोधित अनुमानित आय (२०८२।८३) | आगामी आ.व. को अनुमानित आय (२०८३।८४) |
| ११३१३ | सम्पत्ती कर | २३ | २५ | २५ |
| ११३१४ | भूमिकर/मालपोत | १३५७ | ११५९ | ११५० |
| ११३१७ | वहाल कर | २४७३ | १५०० | १३०० |
| ११६९१ | अन्य कर | २२१९ | १०० | २५ |
| ११४७९ | विज्ञापन शुल्क | ० | ० | ७५ |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ० | ० | ० |
| १४१५१ | सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | ७२९ | ३५० | ३५० |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त आय | ० | ० | ५ |
| १४२१३ | अन्य विक्रिबाट प्राप्त रकम | ० | ० | ५ |
| १४२१८ | विद्युत सेवा शुल्क | ० | ० | ० |
| १४२२४ | परीक्षा शुल्क | ४९ | ४५ | ५० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २६४ | ३५० | ३५० |
| १४२४१ | पार्किङ शुल्क | १५६ | १३१ | २०० |
| १४२४२ | नक्सा पास दस्तुर | १६७ | ९० | १०० |
| १४२४३ | सिफारिस दस्तुर | १२७ | १५० | १०० |
| १४२४४ | व्यक्तिगत घट्ना दर्ता दस्तुर | १४८ | १२५ | १०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | २१ | ३० | ३० |
| १४२४९ | अन्य दस्तुर | २१ | २५०० | १८७५ |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २३५ | १९५ | १९० |
| १४२६५ | अन्य क्षेत्रको आय | ० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २७३१ | ० | ० |
| १४५२९ | अन्य राजश्व | ३७१ | १० | १० |
| १४६११ | व्यवसाय कर | १८१९ | ७०० | ५१० |
| १५१११ | बेरुजु | २० | ४० | ५० |
| | **जोड जम्मा** | **१२९३०** | **७५००** | **६५००** |

## आगामी आर्थिक बर्ष ०८३/०८४ को अनुमानित आय (रु. हजारमा)

| राजश्व संकेत | राजश्वको आधार, शीर्षक, मूल शीर्षक तथा उपशीर्षक | गत वर्षको यथार्थ आय(२०८१।८२) | चालु आ.व. को संशोधित अनुमानित आय(२०८२।८३) | आगामी आ.व. को अनुमानित आय(२०८३।८४) |
|---|---|---|---|---|
| | संघ शसर्त | ९९३७९ | ११५९२० | १२०७०० |
| | संघ समानीकरण | ७१६६४ | ८८२४९ | ९६९०० |
| | संघ राजश्व | ७८२८७ | ८९८०५ | ८९३०० |
| | संघ समपूरक | ० | ० | ० |
| | संघ विशेष | ४४११ | १६३०० | ० |
| | प्रदेश शसर्त | ११००१ | १९७०८ | ९०५४ |
| | प्रदेश समानीकरण | ७३५१ | ८४६४ | ७७०९ |
| | प्रदेश राजश्व | ३७६५१ | २५००० | ३७४६५ |
| | प्रदेश समपूरक | १२५११ | १५००० | २०००० |
| | प्रदेश विशेष अनुदान | ७०५७ | ४८९० | ७००० |
| | आन्तरिक श्रोत ,अल्या | ७७८२३ | ८६५०० | ११५०० |
| | | | | |
| | **जम्मा** | ४०७१३५ | ४६९८३६ | **३९९६२८** |

अनुसूची-२

## आ.व. २०८३/०८४ को अनुमानित व्यय तर्फ

(रु.हजामा)

| **क्र.सं.** | **खर्च शीर्षक** | **निशर्त अनुमानित व्यय** | **संघ शसर्त अनुमानित व्यय** | **संघ समपूरक अनुदान** | **संघ विशेष अनुदान** | **प्रदेश समपूरक अनुदान** | **प्रदेश विशेष अनुदान** | **प्रदेश शसर्त** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | चालुगत | ११७७६३ | ११९२०० | ० | ० | | | ५५४ | २३७५१७ |
| २ | पुँजीगत | १२५१११ | १५०० | ० | ० | २०००० | ७००० | ८५०० | १६२१११ |
| | **जम्मा** | **२४२८७४** | **१२०७००** | **०** | **०** | **२००००** | **७०००** | **९०५४** | **३९९६२८** |